# राजदेवी नगरपालिका
## Rajdevi Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat,
मधेश प्रदेश, नेपाल
MadheshProvince, Nepal

सम्पर्क :
प्रमुख ९८५५०४७२५१
उप प्रमुख ९८५५०४७२५२
प्र.प्र.अ ९८५५०४७२५३


पत्र संख्या :०८०/०८१
चलानी नं. :
प्राप्त प.सं/च.नं.

मिति : २०८०/१०/०७
ने.स. : ११४४ पोहेलाथ्व,११ आइतवार

दोस्रो पटक प्रकाशित सुचना

सूचना !!! सूचना !!! सूचना !!!

### निजी वन वृक्षारोपणका लागि अनुदान

(प्रथम पटक सुचना प्रकाशित मिति २०८०/०९/१२ मा सम्बन्धित लाभग्राहीको निवेदन नपरेको हुनाले पुनः दोस्रो पटक यो सुचना प्रकाशन गरिएको छ ।)

प्रस्तुत विषयमा यस राजदेवी नगरपालिका बाट आ.व.२०८०/८१मा संचालन हुने समृद्धिका लागि वन परियोजना कार्यक्रम अन्तर्गत **निजी जग्गामा लैंगिक (महिला, दलित तथा विपन्न वर्गलाई प्राथमिकता) सुबिधा सहितको वृक्षारोपण/कृषि वनको स्थापनाको लागि कार्यसम्पादनमा आधारित वृक्षारोपण अनुदान कार्यक्रम** कार्यन्वयनको लागि वृक्षारोपण/कृषि वन स्थापना गर्न इच्छुक कृषक/किसान, कृषक समुह, कृषि सहकारी तथा कृषि वन समुहले यो सूचना प्रकाशित मितिले १५ दिन भित्रमा आवश्यक कागजातहरु सहित यस नगरपालिकाको वन तथा वातावरण शाखामा निवेदन दर्ता गराउनु हुन जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु :

- निवेदन ।
- जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि ।
- वन समुह, कृषि वन समुह, कृषक समुह, कृषि सहकारी दर्ताको प्रमाण पत्र ।
- समुह/सहकारी बैठकको प्रतिलिपि ।
- ब्यक्ति/किसान वा समुहका सदस्यहरुको नेपाली नागरिकताको प्रतिलिपि ।
- सबभन्दा पछिल्लो पटक मालपोत तिरेको रसिदको प्रतिलिपि ।

शर्त : निजी वन वृक्षारोपण अनुदान कार्यक्रमका लागि सहभागी किसान/कृषक, **कृषक समुह, वन समुह, कृषि सहकारीहरुले कम्तीमा १०० (एक सय) वटा (कृषिवन प्रजाति ) बिरुवा सहित कृषि वाली लगाउनु पर्नेछ ।**

**नोट : बिस्तृत जानकारीको लागि राजदेवी नगरपालिकाको वन तथा वातावरण शाखा वा वन प्राविधिक अधिकृत श्री अनिल कुमार यादवलाई सम्पर्क गर्नुहुन अनुरोध छ । (९८६५०४९४१०)**

प्रलव कायस्थ
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ :
श्री सुचना प्राविधि अधिकृत ज्यू, वेबसाइटमा अपलोड गरिदिनुहुन ।
श्री वडा कार्यलयहरु सबै, सूचना टाँस गरिदिनुहुन ।